(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# ||| 

२०८२ साल वैशाख १ गते देखि २०८३ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु समेटी तयार पारिएको

(स्वत: प्रकाशन)

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( साविक सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तर्फ)

सिंहदरवार, काठमाडौ

फोनः ०१-४२००३०६ इमेलः goodgov.section@mofaga.gov.np

२०८३ श्रावण १३

२०८३ साल वैशाख १ गते देखि २०८३ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु समेटी तयार पारिएको (स्वत: प्रकाशन)

---


प्रकाशकः नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(साविक सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तर्फ)

क्षमता विकास महाशाखा

सुशासन प्रवर्द्धन शाखा

फोन नं.: ०१-४२००३०६

वेवसाइटः www.mofaga.gov.np

इमेलः goodgov.section@mofaga.gov.np

प्रकाशनः २०८३ श्रावण १३

# बिषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयका कार्यहरु | २ |
| ३. | मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण | ४ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | ११ |
| ५. | मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | १२ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १३ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | १४ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १४ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | १४ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | २८ |
| ११. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | २९ |
| १२. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ३० |
| १३. | मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | ३० |
| १४. | मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु | ३० |
| १५. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | ३० |
| १६. | मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचना | ३० |
| १७. | ऐन नियम तथा निर्देशिकाको सूची | ३१ |

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को अनुसुची- १ बमोजिम साविकको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई एकिकृत गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थापना भएको छ । नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ लाई मिति २०८३।०१।३० गते राजपत्रमा प्रकाशित गरे पश्चात भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विधिवत रुपमा कार्यविभाजन नियमावलीमा भएको व्यवस्था बमोजिम आफ्नो जिम्मेवारी अनुरुपको कार्य गर्दै आईरहेको छ। २ वटा मन्त्रालय एकिकृत भए पश्चात नयाँ संगठन संरचना र दरवन्दी स्वीकृत नभएसम्म तथा यस आर्थिक वर्ष २०८२/०८३ को वार्षिक वजेट समेत साविककै मन्त्रालयबाट खर्च गर्ने अख्तियारी भएको कारण साविकका महाशाखा र शाखाहरुबाट कार्य संञ्चालन हुँदै आएका छन । साविकको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मुख्यतया संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रित रहेको छ।

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ । जसबाट जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ । साविक सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय किताबखाना, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान गरी ४ वटा विभागिय कार्यालयका अतिरिक्त ७७ वटा जिल्ला समन्वय समिति क्रियाशील रहेका छन् ।

**स्थानीय तहको विवरण**

| | |
|---|---|
| जिसस | ७७ |
| गाउंपालिका | ४६० |
| नगरपालिका | २७६ |
| उपमहानगरपालिका | ११ |
| महानगरपालिका | ६ |
| म.न.पा. वडा | १७४ |
| उ.म.न.पा वडा | २३४ |
| न.पा वडा | ३११९ |
| गा.पा. वडा | ३२१६ |
| जम्मा वडा संख्या | ६७४३ |

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा समय-समयमा जारी भएका स्थानीय तह सम्बन्धी विभिन्न क्षेत्रगत कार्यविधि तथा निर्देशिकाले मार्ग निर्देशन गर्दैआएका छन् । नवगठित स्थानीय तहहरुबाट हुने सेवा प्रवाहमा प्रभावकारिता, गुणस्तरीयता तथा एकरुपता होस् भन्ने हेतुले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु जारी गरिएको छ । नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम एकिकृत भएको मन्त्रालयका कार्यहरु तपशिल बमोजिम रहेका छन् ।

## १. मन्त्रालयका कार्यहरुः

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ तर्जुमा गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यहरु देहाय बमोजिम तोकेको छः

१. सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड;
२. सहकारी बैठकसम्बन्धी;
३. सहकारीसम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन;
४. सहकारीसम्बन्धी राष्ट्रिय सङ्घ संस्थाहरूसँग सम्बन्ध र अन्तर प्रादेशिक समन्वय;
५. सहकारीमार्फत हुने बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन;
६. भूमि नीति, भू-उपयोग नीति, कानून, मापदण्ड र नियमन;
७. अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख;
८. सीमा स्तम्भहरूको निर्माण, मर्मत सम्भार तथा अभिलेख व्यवस्थापन;
९. भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्साङ्कन;
१०. पुनर्वाससम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
११. निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन;
१२. सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ती जग्गाको संरक्षण;
१३. भूमिसुधार तथा व्यवस्थापन;
१४. राष्ट्रिय भू-सूचना प्रणाली र भौगोलिक सूचना पूर्वाधार;
१५. भूमिहीन, दलित, मुक्तकमैया, हलिया, हरवा, चरवाको पुनर्स्थापना सम्बन्धी नीति र मापदण्ड;
१६. जग्गाको हक हस्तान्तरण सम्बन्धी मापदण्ड;
१७. जग्गाको नाप नक्साको आधारभूत नियन्त्रण विन्दु र सञ्जाल;
१८. जियोडेटिक र स्थल रूप नाप नक्सा;
१९. प्रदेश र स्थानीय तहको सीमाको नक्साङ्कन र अभिलेख;
२०. सर्वे लाइसेन्स;
२१. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तभरण लगायत अवकाशजन्य सुविधाहरूसम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन;
२२. संघीय कर्मचारी निकायसम्बन्धी कार्य;

२३. सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानून र मापदण्ड;
२४. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, सङ्गठन संरचना तथा दरबन्दी निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र समन्वय;
२५. प्रशासनिक सुधारसम्बन्धी नीति, योजना, समायोजन र समन्वय
२६. संघीय निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानून, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन;
२७. संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाहरूको व्यवस्थापन, संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवम् व्यवस्थापन;
२८. कर्मचारी कल्याणसम्बन्धी नीति, कानून र मापदण्ड;
२९. संघ, प्रदेश र स्थानीय तहको दरबन्दी सिर्जनासम्बन्धी नीति र मापदण्ड;
३०. बढुवा समितिको सचिवालय;
३१. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका पदाधिकारीको सेवा, सर्त र सुविधा;
३२. संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यतासम्बन्धी नीति, कानून र मापदण्ड;
३३. स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधासम्बन्धी नीति र मापदण्ड;
३४. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास;
३५. सार्वजनिक पदाधिकारीहरूको क्षमता विकाससम्बन्धी नीति र मापदण्ड;
३६. प्रदेश र स्थानीय तहको क्षमता विकास, पारदर्शिता, जनसहभागिता र जवाफदेहिता प्रवर्द्धन;
३७. प्रशासकीय अभिलेख र तथ्याङ्क;
३८. निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान;
३९. संघ, प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय;
४०. स्थानीय तहको सङ्ख्या, सिमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण;
४१. विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचनासम्बन्धी नीति, कानून र मापदण्ड;
४२. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;
४३. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;
४४. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, बोर्ड, केन्द्र, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;
४५. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा र नेपाल विविध र नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको जनरल उपसमूहको सेवाको सञ्चालन


## २. साविक संघीय मामिला, सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना, तेरिज एवम् कार्य विवरण

### (क) साविकको संगठन संरचना

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना

अनुसूची १



(ख) साविकको दरवन्दी तेरिज

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ६ |
| ३ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | | १८ |
| ४ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | | १ |
| ५ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | | १ |
| ६ | निर्देशक (कम्प्युटर) | रा.प.द्वितीय | विविध | | | १ |
| ७ | प्रमुख पुस्तकालय अधिकृत | रा.प.द्वितीय | शिक्षा | पुस्तकालय | | १ |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | | ३९ |
| ९ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| १० | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ |
| ११ | कम्प्युटर ईन्जिनीयर | रा.प.तृतीय | विविध | | | १ |
| १२ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | | १ |
| १३ | नायव सुव्वा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | २७ |
| १४ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | २ |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | ८ |
| १६ | पुस्तकालय सहायक | रा.प.अनं.प्र. | शिक्षा | पुस्तकालय | | १ |
| १७ | टाइपिष्ट ना.सु. | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | २ |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि | मे.ई. | ज.मे. | १२ |
| १९ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सा.प्र. | | २३ |
| जम्मा | | | | | | १४८ |

(ग) साविकका महाशाखाहरुको कार्य विवरण

## (क) आन्तरिक व्यवस्थापन महाशाखा

- मन्त्रालय र अन्तरगतका निकायहरुको जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयको जिन्सी व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कार्य गर्ने, गराउने,
- भौतिक सम्पत्तिको सुरक्षा, मर्मत सम्भार आदि गर्ने, गराउने,
- सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम सरकारी खरिद सम्बन्धी कार्य गर्ने, खरिद भएको जिन्सी सामानको दाखिला, निरीक्षण र खर्च सम्बन्धी कार्य गर्ने, गराउने,

- लिलाम विक्री सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालय र अन्तरगतका निकायहरूको बेरुजु फछ्र्यौट गर्ने, गराउने,
- मन्त्रालय र अन्तरगतका निकायहरुमा रहेका कर्मचारीहरुको जनशक्ति विकास र तालिम सम्बन्धी कार्यहरु गर्ने, गराउने,
- मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादित कार्यका विषयमा प्राप्त उजुरी, गुनासा आदिको जाँचबुझ तथा छानविन सम्बन्धी कार्य गर्ने, गराउने,
- कर्मचारीहरुको गुनासो सम्बोधन सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयको पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयका कर्मचारीहरुको विभागीय कारवाही तथा पूरस्कार लगायतका कार्यहरु गर्ने गराउने,
- मन्त्रालयसंग सम्बन्धित कर्मचारीहरुको अध्ययन, असाधारण लगायतका बिदाहरु सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयको सांगठनिक एवं प्रशासनिक प्रक्रियाको व्यवस्थापन सम्बन्धमा आवश्यक Standard Operating Procedure (SOP) बनाउने,
- सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
- सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
- मन्त्रालय तथा स्थानीय तहमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुको स्वदेश र वैदेशिक भ्रमणको सिफारिस, मनोनयन तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य ।
- अन्य शाखा तथा महाशाखाको कार्य विवरणमा अस्पष्टता भएमा स्पष्ट पार्ने कार्य,

## (ख) सङ्घीय मामिला महाशाखा

- सङ्घीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सङ्घीय शासन व्यवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,
- संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजिकरण सम्बन्धी कार्य,
- विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,
- पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,

- स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारण सम्बन्धी कार्य,
- संविधान तथा सङ्घीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- प्रदेश, स्थानीय तह र विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तह सम्बन्धी सङ्घीय कानून तथा स्थानीय तहको नमूना कानून, मापदण्ड र ढाँचा उपलव्ध गराउने सम्बन्धी कार्य,
- स्थानीय तहको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित नीति, कानून, योजना तथा कार्यक्रम समन्वय सम्बन्धी कार्य,
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC) सम्बन्धी कार्य ।
- राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्य,
- सङ्घीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरुको संकलन र प्रचारप्रसार सम्बन्धी कार्य ।
- सङ्घीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य ।
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
    - निर्वाचन आयोग
    - राष्ट्रिय दलित आयोग,
    - राष्ट्रिय समावेशी आयोग,
    - आदिवासी जनजाती आयोग,
    - राष्ट्रिय महिला आयोग
    - मधेशी आयोग,
    - थारु आयोग
    - मुस्लिम आयोग
    - समाज कल्याण परिषद्
    - आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान

## (ग) कर्मचारी प्रशासन महाशाखा

- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह, विविध सेवा तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरुको संचालन,

- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण तयारी तथा अद्यावधिक,
- संघीय निजामती कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा,
- संघीय निजामती कर्मचारीहरुको पुरस्कार र दण्ड सम्वन्धी कार्य,
- कानूनी राय/परामर्श, आदेश तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य,
- बढुवा समितिको सचिवालय सम्वन्धी कार्य,
- संघीय निजामती कर्मचारी प्रशासनको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी कार्य,
- प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी कार्य,
- आर्थिक प्रशासन तथा वेरुजु सम्बन्धी कार्य,
- आन्तरिक तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाल सरकारका अस्थायी र आवधिक प्रकृतिका आयोजनाहरुको अस्थायी दरवन्दी स्वीकृती सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
    - प्रशासकीय अदालत
    - निजामती कितावखाना
- अन्य महाशाखामा उल्लेख नभएका तथा तोकिए बमोजिमका अन्य कार्य ।

## (घ) योजना तथा विकास सहायता समन्वय महाशाखा

- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
- फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजिकरण सम्बन्धी कार्य,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण र समन्वय सम्बन्धी कार्य,
- मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- योजना तथा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय,
- संघीय मामिला सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य,
- मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक तथा रणनैतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट र कार्यक्रम सम्बन्धी कार्य,
- स्थानीय तहको आवधिक, बार्षिक, रणनैतिक तथा अन्य विकास योजना सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,

- नेपाल सरकारबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धमा समन्वय सम्बन्धी कार्य,
- अन्तर सरकारी वित्तिय सम्बन्ध सुदृढीकरणमा समन्वय तथा स्थानीय सरकारको वित्तिय ढाँचा निर्माणको नमुना विकास सम्बन्धी कार्य,
- अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको योजना प्रणालीमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- विकास सहायता नीति अन्तर्गत स्थानीय तहमा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्बन्ध विस्तार सम्बन्धी कार्य,
- विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र र पिछडिएको क्षेत्रको विकास व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समीक्षा र प्रतिवेदन सम्बन्धी कार्यको अभिलेखिकरण र समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
- आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,
- स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकास सम्बन्धी नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,
- भूउपयोग र वस्ती विकास योजना कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजीकरण, समन्वय तथा अनुगमन र मूल्यांकन सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
- वारुणयन्त्र तथा अग्नि नियन्त्रण सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:
  - राष्ट्रिय योजना आयोग,
  - स्थानीय पूर्वाधार व्यवस्थापन विभाग
  - सडक वोर्ड नेपाल
  - लगानी वोर्ड नेपाल
  - नगर विकास कोष

## (ङ) क्षमता विकास महाशाखा

- सार्वजनिक पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, पाठ्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य,
- स्थानीय तहको जनशक्ति विकास नीति, योजना तथा कार्यान्वयन सम्बन्धी कार्य,
- विकासका बहुआयामिक र अन्तरसम्बन्धित विषयहरुको कार्यान्वयनमा क्षमता विकास सम्बन्धी कार्य,
- स्थानीय तहको न्यायिक समितिको क्षमता विकास सम्बन्धी कार्य,
- स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहको क्षमता विकास सम्बन्धमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंगको समन्वय र सहकार्य सम्बन्धी कार्य,
- सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
- सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
- मन्त्रालय तथा स्थानीय तहमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
- सुशासन प्रवर्द्दन तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय आर्थिक विकासमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय स्रोत परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
- स्थानीय तहका राजश्व परिचालन क्षमतामा लेखाजोखा र सुधार सम्बन्धी कार्य,
- संघीय प्रणाली सम्बन्धी श्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
  - संघीय संसद
  - अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
  - राष्ट्रिय मानवअधिकार आयोग,
  - राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,
  - राष्ट्रिय सूचना आयोग,
  - राष्ट्रिय सतर्कता केन्द्र
  - स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
  - प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

## (च) प्रशासन सुधार महाशाखा

- राष्ट्रिय निजामती सेवा नीति सम्बन्धी कार्य,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय सम्बन्धी कार्य,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम संचालन र समन्वय,
- प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन
- संघीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,
- स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालीम सम्बन्धी कार्य,
- नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्कता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,
- संघीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,
- राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
    - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
    - निजामती अस्पताल
    - कर्मचारी तालिम प्रतिष्ठान

## ४. मन्त्रालयवाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय तहहरुबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो बिरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालय र अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार अधिकारी

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण बुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

| सि.नं. | महाशाखा, शाखा, कार्यक्रम एवम् सम्बद्ध निकायको जिम्मेवार अधिकारीको विवरण | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | सचिव | श्री मदन भुजेल |
| १ | **सङ्घीय मामिला महाशाखा** | सहसचिव | श्री प्रकाश दाहाल |
| | ▪ सङ्घीय मामिला शाखा | उपसचिव | श्री दिपक ढकाल |
| | ▪ स्थानीय तह समन्वय शाखा | उपसचिव | श्री हरि प्रसाद चापागाँई |
| | ▪ सामाजिक समावेशीकरण शाखा | उपसचिव | श्री विष्णु कुमारी भुसाल |
| २ | **कर्मचारी प्रशासन महाशाखा** | सहसचिव | श्री धोलकराज ढकाल |
| | ▪ सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री सुनिल पासवान |
| | ▪ स्थानीय तह कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री झविन्द्र खनाल |
| | ▪ बढुवा शाखा | उपसचिव | श्री अश्विन कुमार पोखरेल |
| ३ | **योजना तथा विकास सहायता समन्वय महाशाखा** | सहसचिव | श्री प्रकाश दाहाल |
| | ▪ योजना तथा अनुगमन शाखा | उपसचिव | श्री अनुषा कोइराला |
| | ▪ विकास सहायता समन्वय शाखा | उपसचिव | श्री प्रल्हाद कार्की |
| | ▪ वातावरण तथा विपद व्यवस्थापन शाखा | उपसचिव | श्री मोहन कुमार घिमिरे |
| ४ | **क्षमता विकास महाशाखा** | सहसचिव | श्री डिलाराम पन्थी |
| | ▪ क्षमता विकास शाखा | उपसचिव | श्री माधवप्रसाद ढकाल |
| | ▪ सुशासन प्रबर्द्धन शाखा | उपसचिव | श्री विवेक घिमिरे |
| | ▪ स्रोत परिचालन समन्वय शाखा | उपसचिव | श्री गंगाधर पौडेल |
| ५ | **प्रशासन सुधार महाशाखा** | सहसचिव | श्री एकदेव अधिकारी |
| | ▪ मानव संसाधन योजना शाखा | उपसचिव | श्री लेखनाथ न्यौपाने |

| | | | |
|---|---|---|---|
| | ▪ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | उपसचिव | श्री महेन्द्र विश्वकर्मा |
| | ▪ कर्मचारी कल्याण शाखा | उपसचिव | श्री दीपक ढकाल |
| ६ | **आन्तरिक व्यवस्थापन महाशाखा** | सहसचिव | श्री धोलकराज ढकाल |
| | आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री भुवनेश्वर लामिछाने |
| | आर्थिक प्रशासन शाखा | उपसचिव | श्री याम प्रसाद ढुंगाना |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव | श्री मधु पौडेल ज्ञवाली |
| | सूचना प्रविधि शाखा | उपसचिव | श्री राजकृष्ण श्रेष्ठ |
| | | कम्प्यूटर ईन्जिनियर | श्री दुवेश श्रेष्ठ |
| | | कम्प्यूटर अधिकृत | श्री सन्दिप कार्की |
| | | कम्प्यूटर अपरेटर | श्री रुपक राज अर्याल |
| ७ | प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम | राष्ट्रिय कार्यक्रम व्यवस्थापक | श्री अनुज घिमिरे |
| ८ | तराई-मधेश समृद्धि कार्यक्रम | कार्यक्रम निर्देशक | श्री भेषराज खनाल |
| ९ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री कानुन लाल चौधरी |
| १० | राष्ट्रिय किताबखाना (निजामती) | महानिर्देशक | श्री श्रवण कुमार पोखरेल |
| ११ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री |
| १२ | निजामती कर्मचारी अस्पताल | कार्यकारी निर्देशक | श्री |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### (१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

### (२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अबधिभित्र र अन्य बिशेष कानूनले अबधि तोकेकोमा सोही बमोजिम ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

श्रीमान् सचिव

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### १. आन्तरिक व्यवस्थापन शाखा

- हाजिरी प्रमाणित गरी पठाएको कर्मचारीको संख्या :९५
- रमाना तयार गरी पठाएको कर्मचारीको संख्या : ६९
- राजिनामा स्वीकृत भएको कर्मचारीको संख्या : २२
- अनिवार्य अवकाश स्वीकृत भएको कर्मचारीको संख्या : २२
- अध्ययन विदा स्वीकृत भएको संख्या : १
- वेतलवी प्रसुति विदा स्वीकृत भएको संख्या : १
- यस मन्त्रालयमा दरवन्दीमा र अतिरिक्तमा रहेका सम्पुर्ण कर्मचारीहरुको विधुतिय हाजिरी लागु गरिएको।
- कर्मचारी समायोजन सम्वन्धी समस्या समाधानको संख्या : २७
- असाधारण विदा स्वीकृत-१

### २. आर्थिक प्रशासन शाखा

यस शाखाको लागि विनियोजित बजेटबाट सम्पादन भएका कार्यहरुको प्रगति विवरण

| सि.नं. | कार्यक्रम/ कृयाकलाप | विनियोजित बजेट (रु.हजारमा) | रोक्का बजेट | खुद बजेट | खर्च (रु.हजारमा) | वित्तीय प्रगति प्रतिशत | प्रमुख उपलब्धीहरु (लक्ष्य तोकिएका) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रमुख क्रियाकलाप |
| १ | २.७.२५.१६८० स्थानीय तहमा बेरुजु न्युनीकरण सम्बन्धी अन्तरक्रिया तथा कार्यशाला | १८९० | - | - | १८८४ | १०० | गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सूदूर पश्चिम प्रदेश, कोशी प्रदेशका स्थानीय तहहरुमा बेरुजु न्यूनीकरण सम्बन्धी अन्तरक्रिया तथा कार्यशाला २१५ वटा स्थानीय तहहरुमा सम्पन्न भएको । |

| सि.नं. | कार्यक्रम/ कृयाकलाप | विनियोजित बजेट (रु.हजारमा) | रोक्का बजेट | खुद बजेट | खर्च (रु.हजारमा) | वित्तीय प्रगति प्रतिशत | प्रमुख उपलब्धीहरु (लक्ष्य तोकिएका)<br>प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| २ | २.७.२५.१६८१ ७५३ वटै स्थानीय तहहरुको बेरुजु अभिलेख संकलन, तथा अनुगमन | १०८० | – | – | ५९७ | ५५.२८ | स्थानीय तहहरुको बेरुजु अभिलेख संकलन तथा अनुगमन कार्य भएको । |
| ३ | २.७.२५.१६८२ स्थानीय तहहरुको लागि आर्थिक कार्यविधि तथा वित्तीय अनुशासन अभिबृद्धि सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम | १०८० | – | – | ४६६ | ४३ | बागमती प्रदेशका स्थानीय तहहरु २९ र मधेश प्रदेशका स्थानीय तहहरु ८५ को आर्थिक कार्यविधी तथा वित्तीय अनुशासन सम्बन्धि कार्यक्रम सम्मपन्न भएको । |
| ४ | २.७.२५.१६८३ साविक जिल्ला विकास समितिको नाममा कायम भएको बेरुजु अद्यावधिक तथा व्यवस्थापन | ७२० | – | – | ३३२ | ४६ | साविक जिल्ला विकास समितिको कार्यालयहरुको बेरुजु अद्यावधिक र डाटा संकलन कार्य भएको । |
| ५ | २.७.२५.१६८४ स्थानीय तहको लेखा व्यवस्थापन तथा सम्पत्ती व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | ७२० | – | – | – | - | |
| ६ | २.७.२५.१६८५ स्थानीय तहहरुको आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ७२० | – | – | १३५ | १८.७५ | मन्त्रालयको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिका संयोजकज्यूको उपस्थितिमा बेरुजु फछ्यौंटको लागि महालेखापरीक्षकको कार्यालय र श्रीमान सचिवज्यू समक्ष सिफारि गर्न विभिन्न मितिमा भएको बैठक भत्ता । |
| | जम्मा | ६२१० | – | – | ३,४१४ | ५४.९८ | |

ख.-यस शाखाबाट सम्पादित अन्य प्रमुख कार्य तथा उपलब्धीको विवरण

- गत विगत देखी निश्कृय धरौटी रकम रु.४७ लाख सदरस्याह गरिएको।
- मन्त्रालयको नाममा विगत लामो समय देखि फछ्र्यौट नभई बाँकी रहेको अद्यावधिक लगती बेरुजु मध्ये रु. ३८ करोड २४ लाख ७५ हजार फछ्र्यौट गरी ६६% प्रगति हासिल गरेको ।
- ३२९ स्थानीय तहहरुको बेरुजु फछ्र्यौट सम्बन्धी अन्तरक्रिया, गोष्ठी सम्पन्न गरिएको उक्त कार्यबाट रु २ अर्ब १८ करोड ४१ लाख बेरुजु सम्परीक्षण भएको ।

## २. कानून तथा फैसला कार्यान्वयन शाखा

- लिखित जवाफ पठाईएको – ५६
- कानूनी राय उपलब्ध गराईएको – ७८
- आदेश कार्यान्वयन – १०२
- राजपत्रमा सूचना प्रकाशनको लागि पठाईएको (केन्द्र परिवर्तन सम्बन्धी) – ४

## ३. सूचना प्रविधि शाखा

- कर्मचारी सरुवा व्यवस्थापन प्रणाली (TMIS) को स्तरोन्नति गरी कार्यान्वयनमा आएको ।
- मन्त्रालयको वेबसाइटमा सूचना प्रविधि शाखाबाट विकास गरिएको अनलाइन गुनासो दर्ता प्रणाली सञ्चालनमा ल्याएको ।
- शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन प्रणाली (सन्तती) को स्तरवृद्धि र समस्या समाधानका लागि सम्झौता भई कार्य सम्पन्न भएको ।
- मन्त्रालय वा मातहतमा कार्यरत सूचना प्रविधिसँग सम्बन्धित कंर्मचारीहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको ।
- स्थानीय तहका लागि सरकारी एकीकृत वेबसाइट प्रणाली (GIWMS) मा आधारित वेबसाइटमा आवश्यक Feature थप गरी परिमार्जन (Upgrade),अनुकूलन (Customization) गरिएको परिमार्जित वेबसाइट स्थानीय तहमा सञ्चालनमा ल्याएको ।
- कर्मचारी व्यवस्थापन सूचना प्रणाली (Personnel Management Information System - PMIS) को आर्किटेक्चर सम्बन्धी प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको ।
- मन्त्रालयको portal, स्थानीय तहका वेबसाइट, कर्मचारीहरूको e-attendance सम्बन्धी समस्या समाधानका लागि निरन्तर online Support कार्य भैरहेको ।
- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) र E-Attendance System हाजिरी प्रणाली कार्यान्वयनमा रहेको ।
- हाजिरी सम्बन्धी कर्मचारीहरूको गुनासो सुनुवाई र समाधानका कार्यहरू, मन्त्रालयको वेबसाइटमा सूचना अपलोड तथा कर्मचारी विवरण अद्यावधिक गर्ने कार्यहरू दैनिक, नियमित र निरन्तर रुपमा कार्यान्वयनमा रहेको ।

## ४. संघीय मामिला शाखा

- गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएको र सो को कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखि पठाइएको।
- स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड, २०८३ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको अन्तिम मस्यौदा तयारीको क्रममा रहेको।
- मिति २०८३।०२।११ गते माननीय मन्त्रिस्तरको निर्णयबाट स्थानीय तहको कार्यसम्पादन प्रभावकारी बनाउन एवं सुशासन कायम गर्न देखिएका समस्या तत्काल समाधानका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघको प्रतिनिधित्व रहने गरी समन्वय तथा सहजीकरण समिति गठन गरिएको। उक्त समितिबाट स्थानीय तहमा सुशासन, सेवा प्रवाह, जवाफदेहिता तथा प्रशासनिक प्रभावकारिता अभिवृद्धिका सम्बन्धमा आवश्यकता अनुसार समन्वय र सहजीकरण भैरहेको।
- स्थानीय तहहरूको मिति २०७३।११।२७ गते राजपत्रमा प्रकाशित नेपाली नामको सम्बन्धमा सामान्य हिज्जेमा भएको त्रुटीलाई सुधार गर्न साथै स्थानीय तहको अङ्ग्रेजी नाममा सबै सरकारी निकायमा एकरूपता कायम गर्नका लागि स्थानीय तहको हिज्जे शुद्धशुद्धी सहितको नेपाली र अङ्ग्रेजी नाम नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ विवरण संकलन भैरहेको।
- स्थानीय तहले कानून बमोजिम तोकेको समयमानै बजेट पेश गर्न आवश्यक सहजीकरण गर्नका लागि यस मन्त्रालय माननीय मन्त्रीस्तरको मिति २०८३।०२।२७ गतेको निर्णयबाट मन्त्रालयका सहसचिवहरूको नेतृत्वमा तीन वटा टोली गठन गरी मधेश प्रदेशका सबै स्थानीय तहहरूसँग स्थानीय तहले समयमै बजेट पेश र स्वीकृत गर्ने सम्बन्धमा स्थलगत अन्तरक्रिया तथा छलफल सहितको सहजीकरण कार्यक्रम सम्पन्न गरी माननीय मन्त्रिज्यूसमक्ष प्रतिवेदन पेश गरिएको।

## ५. स्थानीय तह समन्वय शाखा

- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोखरा, धुलिखेल, जनकपुर र नेपालगञ्ज गरी ५ वडा इभेन्ट मार्फत ३०० भन्दा बढी स्थानीय तहमा कार्यरत पोषण सहजकर्ताहरुलाई तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरेको ।
- पोषण मैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि अनुसार लुम्बिनी प्रदेशका विभिन्न ८ जिल्ला जिल्ला समन्वय प्रमुख सहितको जिल्ला अनुगमन समितिका पदाधिकारीहरुसँग पोषणमैत्री स्थानीय तह घोषणाका सूचकहरुको विषयमा प्रदेश राजधानी भालुवाङमा छलफल अन्तरक्रिया र अभिमुखिकरण कार्यक्रम सञ्चालन गरेको ।
- यस शाखाको समन्वयमा राष्ट्रिय योजना आयोग, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय र युनिसेफ नेपालको प्रतिनिधि सहितको टोलिले लुम्बिनी र

गण्डकी प्रदेशका स्वर्गद्वारी नगरपालिका, सुनिलस्मृति गाउपालिका, थवाङ गाउँपालिका, ढोरपाटन नगरपालिका र बडिगाढ गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यन्वयनको अवस्थाको विषयमा संयुक्त स्थलगत अनुगमन गरिएको ।

- बहुक्षेत्रीय पोषण योजना कार्यन्वयन सहिकरण समितिको दुईवटा वैठक सञ्चालन गरेको ।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको गुणस्तर परिक्षणको लागि सम्झौता गरी प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सामाजिक व्यवहार परिवर्तन सम्वन्धी सन्दर्भ सामग्री तयार गरिएको
- बहुक्षेत्रीय पोषण कार्यक्रम प्रवर्द्धन गर्न केही अडियो भिजुयल सामग्री तयार गरिएको ।

## ६. सामाजिक समावेशीकरण शाखा

- "सबै प्रकारका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९६५" को नेपाल सरकारको तर्फबाट पेश गर्नुपर्ने आवधिक प्रतिवेदन तयारीको लागि प्रदेशस्तरीय कार्यशाला गोष्ठी लुम्बिनी, कर्णाली, बागमती, सुदुरपश्चिम र गण्डकी प्रदेशमा सम्पन्न गरिएको।
- "सबै प्रकारका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९६५" को नेपाल सरकारको तर्फबाट पेश गर्नुपर्ने आवधिक प्रतिवेदन तयारीको लागि विभिन्न आयोगहरु सँग लक्षित समूह छलफल सम्पन्न गरिएको।
- "लैंगिक हिंसा अन्त्यका लागि पूरुष सहभागिता रणनीति, २०८३", को मस्यौदामा यस मन्त्रालयको राय महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई प्रदान गरिएको।
- साविकमा यस मन्त्रालय सम्पर्क मन्त्रालयको रुपमा रहेको राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ बमोजिम महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्रमा परेको हुँदा तत् आयोगहरुसँग सम्बन्धित सम्पूर्ण फाइलहरु मिति २०८३।०२।१८ को निर्णय(सचिवस्तर) बमोजिम महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई हस्तान्तरण गरिएको।
- साविकमा यस मन्त्रालय मातहत रहेको आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान सँग सम्बन्धित सम्पूर्ण फाइलहरु मिति २०८३।०२।२९ को निर्णय(मन्त्रिस्तर) बमोजिम महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई हस्तान्तरण गरिएको।
- "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४" को मस्यौदामा यस मन्त्रालयको राय महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई प्रदान गरिएको।

- सामाजिक परिचालिकाहरूको पदपुर्ती, सेवाका शर्तहरु सम्बन्धमा यस मन्त्रालयको राय महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई प्रदान गरिएको।
- गृह मन्त्रालयबाट प्राप्त राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण (दोश्रो संशोधन नियमावली, २०८३) को मस्यौदा उपर यस मन्त्रालयको तर्फबाट राय प्रदान गरिएको।
- महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय बाट प्राप्त बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न तयार गरिएको विधेयकको मस्यौदा उपर यस मन्त्रालयको तर्फबाट राय प्रदान गरिएको।
- महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय बाट प्राप्त Civil Society for Inclusive Democracy and Human Rights नामक परियोजना प्रस्ताव उपर यस मन्त्रालयको तर्फबाट राय प्रदान गरिएको।
- सुरक्षित कार्यस्थल, लैङ्गिक हिंसा, जातीय छुवाछुत लगाएतका कुरिति सम्बन्धमा अन्तरक्रिया कार्यक्रम गण्डकी प्रदेशमा सम्पन्न।
- स्थानीय विकासमा लैंगिक मूलप्रवाहिकारणको अवस्था अध्ययन कार्यक्रम बलेफी गाउँपालिका र बेथानचोक गाउँपालिकामा सम्पन्न।

## ७. संगठन विकास शाखा

- साविकको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्वास्थ्य सेवातर्फका कुल १८०८ पुल दरबन्दी स्वीकृत भएको,
- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ पेश भई नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको,
- मन्त्रालय र अन्तर्गतका निकायहरूको महाशाखा, शाखा र कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरिएको,
- मन्त्रालयको दरबन्दी अनुसारका कर्मचारीहरूको कार्य विवरणमा आधारित कार्यसम्पादन सूचक तयार गरिएको,
- नेपाल सरकारका १८ मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश भएको।

## ८. बढुवा व्यवस्थापन शाखा

- प्रशासकीय अदालतमा लिखित प्रतिवाद पठाईएको-३ (तीन)
- बढुवा दरखास्त फारामहरुको अभिलेख व्यवस्थापन-१५०० थान
- कार्यसम्पादन मूल्यांकन अङ्क कम्प्यूटरमा प्रविष्ट तथा अभिलेख व्यवस्थापन-२५२७ थान
- का.स.मू. तथा बढुवा व्यवस्थापनका विविध सवालहरुमा प्रदेश तथा जिलल्लास्तरीय अन्तर्क्रिया/अनुशिक्षण संचालन-६, प्रदेशस्तर-१, जिल्लास्तर-५
- जिल्लास्तरीय बढुवा समिति सचिवालय अनुगमन-९

## ९. सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा

- पदस्थापन/सरुवा/कामकाजः जना
  - राजपत्राङ्कित प्रथम श्रेणी – ८०
  - राजपत्राङ्कित द्वितीय श्रेणी – ६७
  - राजपत्राङ्कित तृतीय श्रेणी – १७३
  - राजपत्र अनङ्कित तथा श्रेणी विहिन – २१६
  - नियुक्ति (खुला/बढुवा/आ.प्र) : ९३
  - नियुक्तिका लागि सिफारिशः ९९
  - सरुवा सहमती : ३१

## १०. स्थानीय तह कर्मचारी प्रशासन शाखा

- कामकाज/पदस्थापन/सरुवाः
  - उपसचिव – ३६
  - शाखा अधिकृत – १३१
  - ना.सु./खरिदार - २
- आर्थिक तथा प्रशासनिक जिम्मेवारी – १८

## ११. योजना तथा अनुगमन शाखा

- आ.व. ०८३/८४ को यस मन्त्रालयसँग सम्वन्धित वार्षिक वजेट र मध्यमकालीन खर्च संरचना (आ.व. ०८३/८४ देखि ०८५/८६) सम्वन्धित प्रणाला प्रविट गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाइएको ।
- आ.व. ०८२/८३ को मन्त्रालयगत प्रगति विवरण २०८३ प्रकाशनको लागि मन्त्रालयसँग सम्वन्धित विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाइएको ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको विवरण तयार गरी राष्ट्रिय योजना आयोगको आयोजना बैंकमा प्रविष्टि गरिएको ।
- यस मन्त्रालय अन्तर्गत आ.व. ०८३/८४ मा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने वार्षिक विकास कार्यक्रम (भाग-२) तयार गरी पुस्तिका समेत प्रकाशित गरिएको ।
- आ.व. ०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम र वजेट वक्तव्यको कार्यान्वयन कार्ययोजना तयार गरिएको ।

- यस मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यक्रमको वजेट तथा कार्यक्रम संशोधन, रकमान्तर LMBIS प्रविष्टि, अपुग रकम माग लगायतका कार्यहरु गरिएको ।
- विभिन्न स्थानीय तह एवम् प्रदेश मन्त्रालयवाट विविध विषयमा सिफारिसको लागि अनुरोध भई आएका पत्र सम्वन्धित मन्त्रालयमा सिफारिस गरी पठाइएको ।
- आ.व. ०८२/८३ को नीति तथा कार्यक्रम एवम् वजेट कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Online प्रणालीमा मासिक रुपमा प्रविष्टि गरिएको ।
- स्थानीय तहको वजेट, योजना तथा कार्यक्रम तर्जुमामा अनुरोध भए वमोजिम सहजिकरण गरिएको ।
- यस शाखाको ToR अनुसारका अन्य नियमित कार्यहरु सम्पादन गरिएको ।

## १२. विकास सहायता समन्वय शाखा

- उच्च प्रभावयुक्त सामुदायिक विकास आयोजना (HICDPs) अन्तर्गत विभिन्न स्थानीय तह र मन्त्रालयबाट आयोजना प्रस्तावहरू अध्ययन गरी अर्थ मन्त्रालयमा सिफारिस गरिएको।
- विभिन्न स्थानीय तहहरूमा KOICA, JICA, Peace Corps Nepal र Australian Volunteers परिचालन गर्ने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरणको काम गरिएको।
- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको विदेश भ्रमणको लागि आवश्यक समन्वय तथा सहजीकरणको कार्य गरिएको।
- विभिन्न स्थानीय तहले अन्य देशका स्थानीय तहसँग भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा आवश्यक समन्वय तथा सहजीकरणको कार्य गरिएको।
- वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा स्थानीय तह पूर्वाधारका लागि दातृ निकायहरूसँग नियमितरूपमा समन्वय गरिएको।
- माननीय मन्त्रिज्यूको नेपालस्थित विभिन्न राजदूतावासका राजदूत तथा पदाधिकारीहरूसँग शिष्टाचार लगायत विषयगत भेटघाटको लागि सहजीकरण र समन्वय गरिएको।
- गणतन्त्र कोरिया सरकारको सहयोगमा सञ्चालन हुने Inclusive Rural Development Project (IRDB) in Bardiya Districts को कार्यान्वयनको लागि सहजीकरण गरिएको।

## १३. वातावरण तथा विपद् व्यवस्थापन शाखा

- मिति २०८३/१/०३ गते मनसुन पुर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ तयारीको लागि Early Recovery Cluster र CBDRM ( Community Based Disaster Risk Management ) Platform का सदस्यहरुको बैठक मनसुन पुर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को समिक्षा तथा मनसुन पुर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ को मस्यौदा उपर छलफल र विपद् व्यवस्थापनमा तयारी अवस्थामा रहन विकास साझेदार संघ संस्थालाई अनुरोध गरिएको ।
- मुस्ताङ्ग जिल्लाको घरपझोङ्ग गाउँपालिका मुस्ताङ्गले आयोजना गर्न प्रस्ताव गरेको जलवायु परिवर्तन सम्मेलनको बारेमा विकास साझेदारहरु सँग छलफल गरियो ।

- मिति २०८३/२/२९ गते मनसुन पुर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ कार्यान्वयनको लागि Early Recovery Cluster र CBDRM ( Community Based Disaster Risk Management ) Platform को बैठक बसि स्थानीय तहमा कार्यान्वनको लागि प्रेषित गरिएको ।
- कर्णाली प्रदेश र सुदुर पश्म प्रदेशका ६ वटा पालिकाको समेत लागत साझेदारीमा कार्यान्वयनमा रहेको Eco-Zone Program कार्यान्वयनका लागि तयार भएको कार्वन आम्दानी सम्बन्धी कार्यविधिको समिक्षा गरियो ।
- झापा, ईलाम, संखुवसभा, बाँके,सुर्खेत, दोलखा, खोटाङ्ग जिल्लाका स्थानीय तहहरुमा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धमा स्थानीय तहको अभ्यास तथा सञ्चालित क्रियाकलाप सम्बन्धी अनुगमन गरिएको ।

## १४. क्षमता विकास शाखा

- स्थानीय तहको संस्थागत क्षमता विकास अवस्था विश्लेषण तथा क्षेत्र पहिचान प्रतिवेदन प्रकाशनका लागि विभिन्न चरणमा कार्यदलको छलफल तथा बैठक सम्पन्न भई अन्तिम प्रतिवेदन मन्त्रालयको वेवसाइटमा राखिएको। साथै, मादी गाउँपालिका, कास्कीमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।
- स्थानीय तहको सेवा प्रवाह सुदृढीकरणमा सहजीकरणका लागि सेवा प्रवाहसम्बन्धी विभिन्न SOP निर्माणको मस्यौदा उपर छलफल तथा परिमार्जनका लागि देहायका स्थानीय तहमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- गुराँस गाउँपालिका, दैलेख
- हिमा गाउँपालिका, जुम्ला
- स्थानीय तहमा हुने सोझै खरिद, उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको कार्यान्वयन मापदण्ड र सस्थागत स्मरण नोट सम्बन्धी SOP कार्यदलको बैठकबाट स्वीकृति भई website मा प्रकाशन गरिएको।
- जिन्सी व्यवस्थापन कार्यसञ्चालन विधि (SOP) नमूना र स्थानीय तहमा व्यावसायिक फर्म दर्ता, नवीकरण र खारेजी सम्बन्धी कार्यसञ्चालन विधि (SOP) कार्यदलबाट स्वीकृत भएको।
- मोरङ जिल्लाको विराटनगरमा कोशी प्रदेश अन्तरगत गतबर्षको LISA/FRA लगायत मूल्याङ्कन प्रणालीमा कमजोर रहेका प्रत्येक जिल्लाबाट १/१ वटा स्थानीय तह गरी १४ वटा र यस आ.व.को LGPAS मूल्याङ्कन प्रणाली मा विवरण प्रविष्टि नगर्ने ५ वटा स्थानीय तह गरी १९ बटा स्थानीय तहका प्र.प्र.अ. र योजना शाखा प्रमुख तथा कोशी प्रदेशका सवै जिल्लाका जिल्ला समन्वय अधिकारीहरु सहभागी भई मिति २०८३/०१/८ र ९ गते २ दिने क्षमता विकास अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको।
- धनुषा जिल्लामा मधेश प्रदेश अन्तरगत गतबर्षको LISA/FRA लगायत मूल्याङ्कन प्रणालीमा कमजोर रहेका प्रत्येक जिल्लाबाट १/१ वटा स्थानीय तह र यस आ.व.को LGPAS मूल्याङ्कन प्रणाली मा विवरण प्रविष्टि नगर्ने स्थानीय तह गरी २८ बटा स्थानीय तहका प्र.प्र.अ. र योजना शाखा प्रमुख तथा मधेश प्रदेशका सवै जिल्लाका जिल्ला समन्वय अधिकारीहरु सहभागी भई मिति २०८३/०३/१९ गते १ दिने क्षमता विकास अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको
- स्थानीय तहमा क्षमता विकासको लागि देहायका स्थानीय तहहरुमा क्षमता विकास कार्यक्रम सम्पन्न भएको
- छायाँनाथ रारा नगरपालिका, मुगु
- शिवपुरी गाउँपालिका, नुवाकोट

- सरकारी तथा गैरसरकारी तालिम प्रदायक निकायस्ग स्थानीय तहको क्षमता विकास सम्बन्धमा अन्तर्क्रिया तथा सहकार्य कार्यक्रम अन्तर्गत मिति २०८३।१।१२ गते संघीय र प्रादेशिक सरकारी तथा गैर सरकारी र अनुसन्धान केन्द्रहरुसँग यस मन्त्रालयमा १ दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको। साथै, मिति २०८३।१।१७ गते पोखरामा सरकारी तथा गैर सरकारी र अनुसन्धान केन्द्रहरुसँग १ दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।

## १५. स्थानीय तह श्रोत परिचालन समन्वय शाखा

- मोरङ्ग जिल्लाको विराटनगरमा कोशी प्रदेशस्तरीय स्थानीय तहको वित्तीय जोखिम न्यूनिकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम क्षमता विकास शाखासँग संयुक्त रूपमा सम्पन्न गरिएको ।
- रसुवा जिल्लाको उत्तरगया गाउँपालिका, सुर्खेत जिल्लाको बराहताल गाउँपालिका, सप्तरीको खडक नगरपालिका र सुरूङ्गा नगरपालिकामा स्थानीय तहको श्रोत परिचालन सम्बन्धी सहजीकरण तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको ।
- दैलेख जिल्लाको नारायण नगरपालिका र कालिकोट जिल्लाको तिलागुफा नगरपालिकामा राजस्व सुधार कार्ययोजना तर्जुमा तथा अध्यावधिक सम्बन्धी सहजीकरण कार्यक्रम सम्पन्न गरिएको।
- स्थानीय तहको श्रोत परिचालन, वित्तीय विश्लेषण तथा राजश्व सुधार कार्ययोजना सम्बन्धी कार्यदलहरूको बैठकहरू सम्पन्न गरिएको ।
- स्थानीय तहको वित्तीय विश्लेषण तथा सुधारका क्षेत्र सम्वन्धी प्रतिवेदन तयारी गरिएको
- विभिन्न निकायबाट राय माग भई आएका विषयहरूमा राय प्रेषित गरिएको।

## १६. सुशासन प्रबर्द्धन शाखा

- संसद चालु रहेको अवस्थामा संघीय संसदको दुवै सदनमा यस मन्त्रालयसँग सम्बन्धित विषयमा उठेका प्रश्नहरुको रिपोर्टिङ तथा जवाफ तयारीमा सहजीकरण गरिएको ।
- सूचनाको हकसम्बन्धी ऐन तथा नियमावली वमोजिम आ.व. २०८२।८३ को तेश्रो त्रैमासिकको स्वः प्रकाशन गरिएको ।
- २०८२ बैशाख देखि असार सम्ममा चुरे गाउँपालिका, कैलाली, बोगटान फुटसिल गाउँपालिका, डोटी, सियारी गाउँपालिका रुपन्देही, बाणगंगा नगरपालिका, कपिलवस्तु , घरपझोङ गाउँपालिका मुस्ताङ, लोघेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ तथा भिमेश्वर नगरपालिका, दोलखा र इन्द्रवती गाउँपालिका, सिन्धुपाल्चोकमा सुशासन प्रवर्द्धन सम्बन्धी अभिमुखिकरण/अन्तरक्रिया कार्यक्रम संचालन गरिएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औं वार्षिक प्रतिवेदनको लागि सुझाव कार्यान्वयनको प्रगति विवरण आयोगमा पठाइएको ।

- हेलो सरकार सहजीकरण तथा उजुरीहरुको फरफारकका लागि सिन्धुपलान्चोक जिल्लाको वलेफी र सुनकोशी गाउँपालिकामा टोली खटिएको ।
- ४ वटा सूचना माग कर्तालाई सूचना उपलब्ध गराइएको ।

**गुनासो फछ्र्यौटको अवस्था**

| सि.नं. | उजुरी/गुनासो पठाउने निकाय | उजुरी गुनासो संख्या | फछ्र्यौट संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ९ | ९ | |
| २ | राष्ट्रिय सतर्कता केन्द्र | २ | २ | |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ | ३ | |
| ४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ० | ० | |
| ५ | हेलो सरकार | ६७९ | २३७ | |
| ६ | गुनासो व्यवस्थापन केन्द्र | ४१८ | २५३ | |
| ७ | अन्य | ८ | ८ | |
| | कुल जम्मा | ११११९ | ५१२ | |

**निलम्बन/निलम्बन फुकुवा सम्बन्धी विवरण**

| सि.नं. | पद | निलम्बन | फुकुवा | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश सचिव | २ | | |
| २ | सहसचिव | १ | | |
| ३ | उपसचिव | १ | २ | |
| ४ | शाखा अधिकृत | १ | १ | |
| ५ | नायव सुव्वा | | १ | |

## १७. कर्मचारी कल्याण शाखा

१. निजामती कर्मचारीहरूको मनोबल उच्च बनाउन र उनीहरूको वृत्ति विकासमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालित "सन्तति शैक्षिक प्रोत्साहन वृत्ति" कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्ष २०८२/०८३ मा स्वदेशी विश्वविद्यालयका आंगिक वा सम्बन्धन प्राप्त शिक्षण संस्थामा स्नातक तहमा अध्ययनरत ७८९ जना निजामती कर्मचारीका सन्ततिहरूलाई कुल रु. १९ करोड ७३ हजार ८३ बराबरको शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराइएको छ।

२. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीहरूको कार्यसम्पादन क्षमता र निर्णय प्रक्रियामा सुधार ल्याउन कर्मचारीहरूको मनोस्वास्थ्यलाई विशेष प्राथमिकता दिई कर्मचारीहरूमा रहेका मनोसामाजिक समस्याहरूको पहिचान र निराकरणका लागि ३ दिवसीय परामर्श कार्यक्रम सञ्चालन गरिएको छ । निजामती कर्मचारी अस्पतालको समन्वयमा सञ्चालित यस कार्यक्रमबाट ६६ जना कर्मचारीहरूले विशेषज्ञ मनोचिकित्सकहरूबाट क्लिनिकल मनोसामाजिक परीक्षण तथा परामर्श सेवा प्राप्त गरेका छन् ।

३. सार्वजनिक सेवा प्रवाहमा नवीनता र सृजनशीलता प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालनमा आएको "प्रतिभा डबली" कार्यक्रम मार्फत संग्रह गरिएका कर्मचारीहरूका उत्कृष्ट ३० अवधारणा (Ideas) हरूलाई एकीकृत गरी पुस्तक प्रकाशन गरी वितरण गर्ने कार्य भइरहेको।

४. नेपाल सरकारका बहालवाला निजममती कर्मचारी, अवकाशप्राप्त निजामती कर्मचारी तथा निजहरुको आश्रित परिवारलाई प्रदेशस्तरबाट समेत स्वास्थ्य सेवा तथा सहुलियत उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा निजामती कर्मचारी अस्पताल र नारायणी अस्पताल, वीरगञ्ज, भरतपुर अस्पताल, चितवन र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखराबीच समझदारी (Memorandum of Understanding-MoU) गरी सेवा विस्तारको कार्य प्रारम्भ गरिएको छ ।

५. सिंहदरबार परिसरमा कार्यरत कर्मचारीहरुलाई प्रारम्भिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निजामती कर्मचारी अस्पतालको सिंहदरबार इकाई स्थापना गरिएको ।

६. निजामती कर्मचारीका सन्ततिलाई प्रदान गरिएको शैक्षिक प्रोत्साहन वृत्तिको नियमित अनुगमन गरिएको र सो अनुगमनबाट देखिएको कैफियत उपर निर्देशिका बमोजिम आवश्यक कारबाहीको कार्य प्रक्रियामा रहेको।

७. कडा रोग लागेको २ जना निजामती कर्मचारीको थप आर्थिक सहयताको लागी फाईल प्राप्त भई थप आर्थिक सहायता उपलब्ध गराउने कार्य प्रक्रियामा रहेको ।

८. शाखा अन्तर्गतका कार्यक्रमहरुको **Standard Operating Procedure (SOP)** तयार गरिएको ।

९. शाखा अन्तर्गतका कार्यक्रमहरुको कार्य प्रक्रियाको **व्यावसायिक प्रक्रिया पुनर्संरचना (Business Process Re-engineering)** तयार गरिएको ।

१०. निजामती कर्मचारी अस्पतालको लागि कार्यकारी निर्देशक नियुक्तिको लागि सचिवालयको काम गरेको।

११. निजामती कर्मचारीको कल्याण र हक हितको लागि नियमित गुनासाहरु सम्बोधन गरिएको ।

## १८. मानव संसाधन योजना शाखा

१. केन्द्रीय छात्रवृत्ति समितिको ७ वटा बैठक बसी विभिन्न मुलुकबाट प्राप्त छात्रवृत्तिका अवसरहरू मन्त्रालय/निकायहरूलाई समन्यायिक ढँगले बाँडँफाँट गरिएको।

२. वार्षिक रुपमा उल्लेखनीय संख्यामा अवसर प्राप्त हुने गरेका JDS, Aus-Aid, KOICA, TICA, MOFCOM लगायतका वैदेशिक छात्रवृत्तिमा कार्यक्रममा अध्ययन सम्पन्न गरेका कर्मचारीको विवरण संकलन गरी अभिलेखीकरण गरिएको।

३. विभिन्न मुलुकबाट प्राप्त छात्रवृत्ति कार्यक्रममा आवेदन गर्न गरेका कर्मचारीहरूलाई पूर्वस्वीकृति प्रदान गरिएको।

४. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमार्फत् ८३ जना शाखा स्थानीय शासन तथा भूमि प्रशासन सम्बन्धी तालिम प्रदान गरिएको।

५. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमार्फत् SEDP तालिममा विभिन्न सेवा/समूहबाट २७ जना (मुख्य २५ जना र बैकल्पिक २ जना) ज्येष्ठतम् रा.प. प्रथम श्रेणीका कर्मचारीहरुलाई मनोनयन गरिएको।

## १९. प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

| क स | क्रियाकलाप | कार्यान्यिन अवस्था | कैफियत |
|---|---|---|---|
| १ | व्यवस्थापन परीक्षण तर्फ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-१, सबै २१ वटा सङ्घीय मन्त्रालय तथा ८ वटा विभागहरु (उद्योग विभाग, यातायात व्यवस्था विभाग, राजस्व अनुसन्धान विभाग, राहदानी विभाग, शहरी विकास तथा भवन निर्माण | |

| | | | |
|---|---|---|---|
| | | विभाग, सडक विभाग, सम्पति सुद्धिकरण अनुसन्धान विभाग र स्वास्थ्य सेवा विभाग) गरी जम्मा ३० वटा मन्त्रालय/निकाय मध्ये ३० वटाको आ.व. २०८१/८२ को व्यवस्थापन परीक्षण गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन तयार गरिएको। | |
| २ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण तर्फ | जिल्ला पर्सा -४ (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय र आन्तरिक राजस्व कार्यालय), गुल्मी-३ (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, र नापी कार्यालय), अर्घाखाँची-३(जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय), कैलाली-३ (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय), कञ्चनपुर-३ (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय), काभ्रे-३ (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय), मोरङ्-३ (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय) झापा-३ ओटा (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय) र नुवाकोट-३ (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय) गरी **जम्मा २८** ओटा कार्यालयहरुमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भइ मन्त्रालयमा प्रतिवेदन पेस भएको। | |
| ३ | प्रशासन जर्नल तर्फ | प्रशासन जर्नलको १४२ औं अङ्क प्रकाश भई वितरण भएको र १४३ औं अङ्क प्रकाशन भई वितरण भईरहेको । | |
| ४ | सङ्घीय निजामती सेवा नियमावली तयारी | - संघीय निजामती सेवा ऐन र नियमावलीको विधेयक मस्यौदा तर्जुमा भएको।<br>- अर्थ मन्त्रालयको राय, परामर्श प्राप्त भई कानुन मन्त्रालयकमा पठाइएको। | |
| ५ | निजामती कर्मचारीहरूको तलव भत्ता तथा अन्य सुविधा पुनरावलोकन समितिको सचिवालय व्यवस्थापन | - निजामती सेवा ऐन २०४९ को दफा २७ बमोजिम मुख्यसचिवको अध्यक्षतामा रहेको समितिले अध्ययन गरि प्रतिवेदन पेश गरेको। | |
| ६ | अन्य कार्य | • मन्त्रालय र मातहत निकायको तत्काल सुधार कार्ययोजना तर्जुमा भई प्रगती एकिकृत गर्ने कार्य गरेको।<br>• नेपाल सरकार मन्त्रीपरीषद्ले तय गरेको १०० बुंदे अन्तर्गत यस मन्त्रालय सँग सम्बन्धित बुंदाहरुमा लक्ष्य पुरा गर्न आवश्यक कार्य गरिएको । | |

## २०. तराई-मधेश समृद्धि कार्यक्रम

| सि.नं. | मुख्य क्रियाकलाप | प्रगति |
|---|---|---|
| १ | आयोजना छनौट समितिको बैठक | मिति २०८२/०१/१६, १८ गते आयोजना छनौट समितिको बैठक वसी स्थानीय तहहरुबाट माग भई आएका आयोजना/कार्यक्रमहरु सम्बन्धमा विभिन्न निर्णयहरु गरिएको । |
| २ | आ.व. २०८३।८४ मा कार्यक्रम संचालन हुने स्थानीय तहहहरुको छनौट गर्ने । | मा. मन्त्रीस्तरको मिति २०८२/०२/१२ को निर्णय बमोजिम कार्यक्रम संचालन हुने स्थानीय तहहरु छनौट भई LMBIS प्रविष्टिको लागि अर्थ मन्त्रालयमा लेखि पठाईएको । |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त संरचनाहरु खारेजी, एकिकरण तथा पुन संरचना सम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने । | प्रतिवेदन कार्यान्वयनको अन्तिम चरणमा रहेको । |
| ४ | अनुगमन तथा मुल्याङ्कन गर्ने | मन्त्रालय तथा तराई-मधेश समृद्धि कार्यक्रमवाट अनुदान प्रदान भई कार्यान्वयन भएका विभिन्न परियोजनाहरुको अनुगमन भइरहेको । |

## २१. प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम

- स्थानीय तहमा एकल विन्दू सेवा प्रवाह (One Stop Service Delivery-OSSD) का लागि प्रणाली निर्माण भई कार्यान्वयनको चरणमा रहेको।
- यस कार्यक्रमको आर्थिक र प्राविधिक सहयोगमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनलाईन सरुवा प्रणाली निर्माण भई सञ्चालनमा आएको।
- सूचना प्रविधि विभागसँग सम्झौता अनुसार GIWMS प्रणाली अद्यावधिक गरि स्थानीय तहका लागि नयाँ वेबसाईट निर्माण गरी अनुशिक्षण पश्चात स्थानिय तहबाट संचालन शुरु भएको ।
- यस कार्यक्रमबाट तिनै तहका सरकारमा हुने कार्यक्रमको विवरण संकलन तथा प्रतिवेदन गर्न PLGSP-MIS निर्माण भई कार्यान्वयनमा आएको ।
- पूर्वाञ्चाल, मधेश, पोखरा र मध्यपश्चिम विश्वविद्यालयसँगको सहकार्यमा Evidence Based Policy Research को काम अगाडी बढेको।

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा प्रदेश स्थित तालिम तथा अनुसन्धान केन्द्रहरुको Strategic and Business Plan Development and Operationalization, Training Modules Development and Standardization तथा ISO Certification को प्रक्रिया अघी बढेको।
- २५ वटा स्थानीय तहमा राजश्व परिचालन क्षमता (Own Source Revenue-OSR) अभिवृद्दिका लागि Piloting भैरहेको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नेतृत्वमा यस कार्यक्रमको आर्थिक र प्राविधिक सहयोगमा गण्डकी प्रदेशमा प्रदेश समन्वय परिषदको निर्णय कार्यान्वयनको अवस्थाका बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- कार्यक्रमको तेस्रो पक्ष मूल्याङ्कनको प्रक्रिया अगाडी बढेको ।
- काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा स्थानीय तहमा ६० जना Young Federalism Fellows को परिचालन प्रारम्भ भएको।
- सातै प्रदेशमा संघीयता सम्बन्धि युवा संवाद कार्यक्रम सम्पन्न भएको।
- UN Women सँगको सहकार्यमा GESI Assessment सम्पन्न भई प्रतिवेदन प्राप्त हुने क्रममा रहेको।
- कार्यक्रमको गतिविधि सम्प्रेषण गर्न नेपाली न्यूजलेटर प्रकाशनको सुरुवात भएको । पहिलो अंकको रुपमा डिजिटल शासन विशेषाङ्क प्रकाशित भएको।
- National level Co-Creation Workshop on Own Source Revenue (OSR) सम्पन्न भएको।
- प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) को राष्ट्रिय निर्देशक समिति (NSC) र संघीय समन्वय समिति (FCC) का बैठकहरु बसी आ.व. २०८३/८४ को वार्षिक कार्यक्रम र बजेटका साथै रणनैतिक कार्यान्वयन कार्ययोजना स्वीकृत भएको।

## १०. सूचना अधिकारी, प्रवक्ता, सहायक प्रवक्ता, गुनासो सुन्ने अधिकारी र प्रमुखको नाम र पद

| | |
|---|---|
| प्रमुख | सचिव श्री मदन भुजेल |
| प्रवक्ता | सहसचिव श्री एकदेव अधिकारी |
| सूचना अधिकारी | उपसचिव श्री विवेक घिमिरे |

## ११.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

आ व २०८२।८३ को २०८३ असार मसान्त सम्मको बजेट र खर्चको प्रगति (रु हजारमा)

| आर्थिक वर्ष २०८२/८३ | | | | | | | (महिना देखि : श्रावण महिना सम्म : आषाढ़) | | | | (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | बजेट कोड | बजेट उपशीर्षक | बजेट (रु.) | | | | खर्च (रु.) | | | | खर्च प्रतिशत | | | |
| | | | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| १ | ३६५०००११ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६०८४७६.१६५ | ५२९४९.८८ | ० | ६६१४२६.०४५ | ३९७६९० | ६४१५ | ० | ४०४१०५ | ६५.३६ | १२.१२ | | ६१.१ |
| २ | ३६५०००१२ | अतिरिक्त समूह | ५७८२५०.२७९ | ० | ० | ५७८२५०.२७९ | ५३४८२५ | ० | ० | ५३४८२५ | ९२.४९ | | | ९२.४९ |
| ३ | ३६५००१०२ | संघीय शासन प्रणाली ब्यवस्थापन कार्यक्रम | २३०० | ० | ० | २३०० | ० | ० | ० | ० | ० | | | ० |
| ४ | ३६५००१०५ | जिल्ला समन्वय समितिको कार्यालयहरु | १३८२३०९.४६ | ० | ० | १३८२३०९.४६ | ११९८२७७ | ० | ० | ११९८२७७ | ८६.६९ | | | ८६.६९ |
| ५ | ३६५००१०६ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ६३१०० | ० | ० | ६३१०० | ३३३७१ | ० | ० | ३३३७१ | ५२.८९ | | | ५२.८९ |
| ६ | ३६५००१०७ | तराई मधेस समृद्धि कार्यक्रम | १६०८५ | ७०० | ० | १६७८५ | ११७५४ | ६३९ | ० | १२३९४ | ७३.०८ | ९१.३३ | | ७३.८४ |
| ७ | ३६५००१०८ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ९१५३१५ | २८६०० | ० | ९४३९१५ | ३८४१६७ | १४१३४ | ० | ३९८३०१ | ४१.९७ | ४९.४२ | | ४२.२ |
| ८ | ३६५००१०९ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | ५०० | ० | ० | ५०० | ० | ० | ० | ० | ० | | | ० |
| ९ | ३६५००११० | साना विकास परियोजना | ५०५०० | ० | ० | ५०५०० | ० | ० | ० | ० | ० | | | ० |
| १० | ३६५००११३ | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | | | | |
| ११ | ३६५००११६ | हिमाली क्षेत्र आयोजना सहायता कार्यक्रम | ३६८८०० | ० | ० | ३६८८०० | ० | ० | ० | ० | ० | | | ० |
| १२ | ३६५००११९ | उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | ३३०० | ० | ० | ३३०० | ६५२ | ० | ० | ६५२ | १९.७६ | | | १९.७६ |
| १३ | ३६५००१२० | जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्यक्रम | १७२१५२ | ६६६८४८ | ० | ८३९००० | ४९८०८ | ३१९४९१ | ० | ३६९२९९ | २८.९३ | ४७.९१ | | ४४.०२ |
| १४ | ३६५०१११६ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | ७२०००० | ० | ० | ७२०००० | ६७२४९५ | ० | ० | ६७२४९५ | ९३.४ | | | ९३.४ |
| १५ | ३६५०२०११ | निजामती किताबखाना | ७५८४८.५०२ | ३३९१ | ० | ७९२३९.५०२ | ६३४९७ | १५१८ | ० | ६५०१५ | ८३.७१ | ४४.७७ | | ८२.०५ |
| १६ | ३६५६१०११ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | १०८३०० | १९०० | ० | ११०२०० | ८२९३८ | १८५४ | ० | ८४७९२ | ७६.५८ | ९७.५८ | | ७६.९४ |
| १७ | ३६५६१०१२ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २२४६०० | ० | ० | २२४६०० | १९२५३३ | ० | ० | १९२५३३ | ८५.७२ | | | ८५.७२ |
| १८ | ३६५६१०१३ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | १०८६०० | १९०० | ० | ११०५०० | ८७१९१ | १३८७ | ० | ८८५७८ | ८०.२९ | ७२.९८ | | ८०.१६ |
| १९ | ३६५८१०११ | निजामती कर्मचारी अस्पताल विकास समिति | ६४१४०० | ० | ० | ६४१४०० | १५०२६६ | ० | ० | १५०२६६ | २३.४३ | | | २३.४३ |
| | | **कुल जम्मा** | **६०३९८३६.४** | **७५६२८८.८८** | **०** | **६७९६१२५.२** | **३८५९४६४** | **३४५४३८** | **०** | **४२०४९०३** | **६३.९** | **४५.६८** | **०** | **६१.८७** |

## १२.सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाईट www.mofaga.gov.np मा नियमित प्रकाशन हुने गरेको, प्रत्येक स्थानीय तहको छुट्टाछुट्टै पोर्टल निर्माण गरि स्थानीय तहको पोर्टलमा समेत पठाउने गरिएको । साथै, विभाग, समिति, प्रतिष्ठान र स्थानीय तहहरुका सूचनाहरु तत् तत् निकायहरुमा प्रकाशित हुने गरेको छ।

## १३. मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन

आ.ब. २०८२/८३ को यस त्रैमासिकमा प्राप्त सूचना माग सम्बन्धी निवेदनको आधारमा ४ वटाको सूचना उपलब्ध गराइएको ।

## १४. मन्त्रालयले गरेका सूचना सम्बन्धी थप कामहरु

- ७५३ स्थानीय तहहरुलाई आन्तरिक संचारको लागि Mofaga Portal विकास गरि वेवसाईट संग आबद्ध गरिएको ।
- आन्तरिक संचारको लागि बल्क ईमेल तथा वेव एसएमएस सिस्टम विकास गरि वेवसाईट संग आबद्ध गरिएको ।
- पोर्टल संचालनको लागि ७५३ स्थानीय तहहरुलाई युजर नेम र पासवर्ड उपलव्ध गराई सम्बन्धित स्थानीय तहको विवरण अद्यावधिक गराउने कार्य गरिएको ।

## १५. मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन

नियमित प्रकाशन गर्ने गरेको छ ।

## १६. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण

यस मन्त्रालय अन्तर्गतका संरक्षण गर्नु पर्ने सूचनाहरुको वर्गीकरण गरी सो सम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।

## १७. ऐन, नियम तथा निर्देशिकाको सूचि

- आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- कर्मचारी समायोजन ऐन, २०७५
- ट्रेड युनियन ऐन,२०४९
- निजामती सेवा ऐन, २०४९
- नेपाल प्रशासनिक प्रशिक्षण ऐन, २०३९
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- कर्मचारी समायोजन नियमावली, २०७४
- ट्रेड युनियन नियमावली, २०५०
- निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२
- निजामती कर्मचारी योगदान कोष (सञ्चालन) नियमावली, २०६९
- निजामती सेवा नियमावली, २०५०
- निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५
- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१
- नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति)
- नेपाल प्रशासन सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
- नेपाल विविध सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०

नोटः प्रस्तुत विवरण साविकको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको वेवसाइट www.mofaga.gov.np मा समेत हेर्न सकिन्छ ।

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौं